# लुम्बिनी साँस्कृतिक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी, रूपन्देही
## ५ नं. प्रदेश, नेपाल

# आइसिटी सामान खरीद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित सुचना– २०७७।३।८**

यस नगरपालीकाको (विशेष अनुदान ) आ.व. २०७६।०७७ का लागि स्वीकृत कार्यक्रम अनुसार विभिन्न विद्यालयहरूको लागि आवश्यक पर्ने आइसिटी सम्बन्धी सामान **शिलबन्दी दरभाउपत्रका** माध्यमद्वारा खरिद गर्न परेकोले यो सुचना प्रकाशित गरिएको छ। सप्लाई गर्न इच्छुक रजिर्ष्टड कम्पनी, फर्म तथा सप्लायर्सहरूले निम्न शर्तहरूको अधिनमा रहि अलग अलग **शिलबन्दी दरभाउपत्र** पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल :**

१) यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र नगद रु. १०००।०० (फिर्ता नहुने) रकम लुम्बीनी सास्कृतिक नगरपालिका को कृषी विकास बैक लुम्बिनीमा रहेको **सचीत कोष खाता नं ग ४ १ ०४१४९०११४५७६२०३१** मा जम्मा गरेको बैक भौचर, आ.ब.२०७६।७७ का लागि नविकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाणपत्र, , आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाणपत्र सहित कागजातहरूका प्रतिलिपिहरू संलग्न राखी **शिलबन्दी दरभाउपत्रदाता** वा निजको आधिकारीक प्रतिनिधिलाइ **शिलबन्दी दरभाउपत्र** फाराम खरीदका लागि यस कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

२) प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र बोलपत्र फाराम शिलबन्दी गरी रीतपूर्वक यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र फारामहरू सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। **शिलबन्दी दरभाउपत्र** दाता वा निजको प्रतिनिधीहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। **शिलबन्दी दरभाउपत्र** खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

३) **शिलबन्दी दरभाउपत्र** दर्ता गर्दा जमानत वापतको रकम तपसिलका दरले लुम्बिनी साँस्कृतिक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लुम्बिनीको नाममा (साविक कार्यालय कोड नं.३७।३६५।१६)(हालको कार्यालय कोड ३६५।००।४८।०४) कृषि विकास बैंक, लुम्बिनी शाखामा रहेको धरौटी खाता नं. ०४१४९०११४५७३३०१३, ग-३ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ। **शिलबन्दी दरभाउपत्र** स्वीकृत भए पछि स्वीकृत अंकको ५ प्रतिशत बराबरको धरौटी रकम सम्झौता अगावै बैंक खाता दाखिला गरी भौचर वा कार्यालयको नाममा जारी भएको बैंक जमानतपत्र पेश गर्नु पर्ने छ।

४) **शिलबन्दी दरभाउपत्र** मा दररेट भर्दा मूल्य अभिबृद्धि कर सहितको रकम अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र स्वीकृती गर्दा एकमुस्ट रूपमा स्वीकृती गरिनेछ। कार्यालयको आवश्यकता अनुसार परिमाण थपघट गर्न सकिनेछ।

५) दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरू स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

६) शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन।

७) स्वीकृत **शिलबन्दी दरभाउपत्र** अनुसारको सामान एकमुष्ट खरिद गरिनेछ।

८) रीत नपुगेको **शिलबन्दी दरभाउपत्र** माथी कुनै कारवाही गरिने छैन।

९) शिलबन्दी दरभाउपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधि भित्र सामान सप्लाई गर्नुपर्नेछ र बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम कारवाही हुनेछ। सम्पूर्ण करहरू र कार्यालयसम्म ढूवानी गर्दा लाग्ने खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

१०) बोलपत्र सम्बन्धमा अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ।

११) यस सुचनामा उल्लेख भएका कुराहरू यसै बमोजिम र हुन छुट भएका अन्य कुराहरू प्रचलित कानून अनुसार हुनेछन्।

**तपसील:**

| ठेक्का नं. | विवरण | जमानत धरौटी रकम रु | कैफियत |
|---|---|---|---|
| ३४/लु.साँ.न.पा./२०७६/७७ | आइसिटी सामान खरिद सम्बन्धी कार्य | ४५०००।- | माथी उल्लेखित धरौटी खातामा जम्मा गर्नुपर्नेछ।वा बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ। |

**प्रमुख प्रशासकीय अधिकृत**